नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ — राजविराज दैनिक — स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २४१ २०८३ साल बैशाख १७ गते बिहीबार (30 Apr 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सञ्चार मन्त्रालयद्वारा कार्यप्रगति ... ३ पृष्ठमा : उच्च क्षमताका प्रसारण लाइन ... ३ पृष्ठमा : इरान प्रस्तावमा आशंका, ...

# आन्दोलन परिचालन समिती लालपुर्जाका लागी पुनः आन्दोलनमा जाने



**दैनिक समाचरादाता राजविराज, १६ बैशाख ।**

करिब ६५ वर्षदेखी लालपुर्जाका लागी संर्घषरत राजविराज नगरवासीले पुःन आन्दोलन चर्काउने भएका छन । स्थानीय र संघीय सरकार समस्या समाधान गर्न गम्भिर नभएको निश्कर्षसहित आन्दोलनमा जाने निर्णय गरिएको हो ।

बुधवार राजविराज हटियास्थित श्री लक्ष्मिनारायण राधाकृष्ण मन्दिर प्राङ्गनमा वसेको नगरवासीको बृहत बैठकले आन्दोलन परिचालन समिती नै गठन गरी आन्दोलनमा जाने निर्णय गरेका छन ।

बैठकका सहभागिहरुले राजविराजको मुख्य बजार तथा आसपासका गरि ६८ विगहा क्षेत्रफलमा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार हालसम्म लालपूर्जा पाउन नसकेको र नक्शापास समेत रोकिदा समस्यामा परेको भन्दै आन्दोलन चर्काउनुको विकल्प नरहेको सुझाव दिएपछि संर्घषका लागी ३१ सदस्यीय आन्दोलन परिचालन समिती गठन गरिएको समितीका संयोजक युवा अभियन्ता खेलानन्द दासले जानकारी दिए ।

समितीको सदस्यमा उधोग बाणिज्य सप्तरीका महासचिव अमृत संचेतीका साथै घनश्याम साह (घन्सी), विरेन्द्र गुप्ता, घनश्याम दास, राजकुमार साह, मुकेश दास, इन्द्रसागर गुप्ता, प्रेम साह, मो.मन्सुर, रामअशिष स्वर्णकार, सन्तोष साह, दिपेन्द्र दास, कौशर अली, राहुल कुमार ललन, बैजु जोशी, फैयाजद अन्सारी, बद्री स्वर्णकार, उज्जव यादव, संजिब साह, विकास साह, गौरिशंकर साह, विक्की विवेक, रोहीत साह, महेश साह, विमल साह लगायत छन ।

समितीको पहिलो बैठकले सप्तरीका सबै साँसद, सम्बन्धित मन्त्रालय, राजविराज नगरपालिका, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय तथा अन्य सरोकारवाला निकायलाई ७ दिन भित्रै ध्यानाकर्षण पत्र बुझाउने तथा त्यस पछि चरणबद्धरुपमा आन्दोलन कार्यक्रमको. घोषणा गरी अघि बढ्ने निर्णय गरेको संयोजक दासले जानकारी दिए ।

बि.स.२०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक आसपास घर निर्माण तथा पसल संचालन गरेर बस्दै आएका जग्गा बाहकले हालसम्म लालपूर्जा पाउन सकेका छैनन् । सो जग्गा वापत नगरपालिकाबाट पाएको रसिदकै आधारमा बसोवास र विगतमा समस्या परेका बेला सोही रसिदमा उल्लेखीत जग्गा बैंक र बित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु विगत ८ वर्षदेखी सो सेवा सुविधाबाट बञ्चित छन् ।

बैठकमा सहभागिहरुले पहिले पहिले रसिदकै आधारमा बैंकमा जग्गा धितो राखी ऋण कर्जा पाउदै आएको व्यवस्था पुनः कायम गर्नुपर्ने र यसका लागि आन्दोलनमार्फत सरकारमाथी दबाव दिनुपर्ने माग गरेका छन् ।

यस अघि गठित संर्घष समितीले पाँच चरणमा आन्दोलन गरी सक्दा पनि माग पुरा नहुदा नगरवासीको बृहत बैठक वसी आन्दोलन परिचालन समिती गठन गरी आन्दोलन चर्काउने निर्णय गरिएको बैठकमा सहभागी समाजसेवी विन्देश्वर प्रसाद साह विन्दीले जानकारी दिए ।

यसअघि जग्गाको लालपुर्जा माग्दै थालिएको आन्दोलनका क्रममा गत २०८१ फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा व्यक्तीको स्वामित्वमा रहेको उक्त जग्गाको लालपूर्जा वितरणका लागि अविलम्ब पहल गर्ने सहमति भएको थियो । तर सो सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै नगरवासी पुनः आन्दोलित भएका हुन् ।

# प्रतिनिधीसभा सदस्य डा.चौधरी परिक्षा केन्द्रहरुको अनुगमन गर्दै




**दैनिक समाचारदाता राजविराज, १६ बैशाख ।**

सप्तरीको क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनीधीसभा सदस्य डा अमरकान्त चौधरी आफ्नो क्षेत्रका परिक्षा केन्द्रहरुमा नियमित अनुगमन गरिरहेका छन ।

अहिले माध्यमिकतह कक्षा १२ को अन्तिम परिक्षा चलिरहेको छ । परिक्षा व्यवस्थित र मर्यादित भए/नभएको हेर्न परिक्षा समितीबाट नियमित अनुगमन भईरहदा समेत उनले पनि परिक्षा केन्द्रहरुको अनुगमन गरेका हुन ।

बुधवार उनले डाक्नेश्वरी नगरपालिकास्थित श्री कन्तचन्द्र माध्यमिक विद्यालय परिक्षा केन्द्रको अनुगमन गरे । उनी यस विद्यालयको व्यवस्थापन समितीका अध्यक्ष समेत रहिसकेका छन ।

परिक्षाहल भित्रको अनुगमन सकेपछि उनले सञ्चारकर्मीहरु सँग कुरा गर्दै परिक्षा मर्यादित ढंगले सम्पन्न भए/नभएको अवस्था बुझ्न र शैक्षिक गुणस्तर सुधारका लागी अनुगमन थालिएको बताए ।

विद्यार्थीको शैक्षिक यात्रामा महत्वपुर्ण खुडकिलोको रुपमा रहेको परिक्षा मर्यादित भए मात्र उपलब्धी प्राप्त हुने

*बाँकी तीन पृष्ठमा*

# ६ सय १६ विपद्का घटनामा ३४ जनाको मृत्यु

काठमाडौं, १६ वैशाख (रासस) ।

विगत १५ दिनमा मुलुकभर विभिन्न प्रकारका प्राकृतिक विपद्का घटनामा ३४ जनाको मृत्यु भएको छ भने १३९ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही वैशाख १ गतेदेखि १६ गतेसम्म मुलुकभर विभिन्न प्रकारका प्राकृतिक विपद्का ६१६ घटना घटेका छन् । यी घटनामा परी ३४ जनाको मृत्यु भएको छ भने १३९ जना घाइते भएका छन् ।

प्राधिकरणकाबाट प्राप्त तथ्याङ्कअनुसार उक्त अवधिमा ८२९ परिवार प्रभावित भएका छन् । विपद्का कारण २५० घरमा आंशिक र ६५ घरमा पूर्ण क्षति पुगेको छ । साथै ७८ गोठमा क्षति पुगेको छ भने २१३ वटा पशुचौपाया नष्ट भएका छन् । यी घटनाबाट करिब रु १० करोड ९२ लाख ५५ हजार बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ ।

घटनाको प्रकृतिअनुसार आगलागी सबैभन्दा बढी देखिएको छ । आगलागीका मात्रै २६७ घटना हुँदा आठ

*बाँकी दुई पृष्ठमा*

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिक्षामा लगानी बढाउन आग्रह

काठमाडौँ, १६ वैशाख (रासस)।

अन्तरराष्ट्रिय शिक्षक महासङ्घ (एजुकेसन इन्टरनेसनल) मा आबद्ध शिक्षक र कर्मचारीसँग सम्बन्धित नेपालका चार सङ्गठनले निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षामा राष्ट्रिय बजेटको २० प्रतिशत वा कुल गार्हस्थ्य उत्पादनको छ प्रतिशत लगानी गर्न आग्रह गरेका छन्।

ती सङ्गठनले मंगलबार तीनदिने 'सेपिङ द एजुकेसन बजेट' विषयक सम्मेलनको समापनका अवसरमा प्रगतिशील करलाई सुदृढ गरेर शिक्षामा लगानी वृद्धिका साथै शिक्षाकर्मीहरूको श्रम अधिकार र सम्मानजनक कार्य अवस्था सृजना गर्न, गुणस्तरीय तालिम र व्यावसायिक विकासमा लगानी गर्न, ट्रेड युनियन अधिकार तथा मानव अधिकारको सम्मान गर्नलगायत १४ बुँदे प्रमुख मागहरू सार्वजनिक गरेका हुन्।

नेपाल शिक्षक सङ्घका अध्यक्ष सोमनाथ गिरी, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाही, संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापा र नेपाल विद्यालय कर्मचारी परिषद्‌का अध्यक्ष गङ्गाराम तिवारीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा ती मागपत्र सार्वजनिक गर्नुभएको हो।

कार्यक्रममा एजुकेसन इन्टरनेसन (इआई)का एसिया प्रशान्त क्षेत्रका निर्देशक आनन्द सिंहले नेपाली शिक्षक र विद्यालय कर्मचारीहरूको मागप्रति आफूहरूको ऐक्यबद्धता रहेको बताउँदै सरकारले शिक्षकहरूको पेसागत हक हितका लागि लगानी बढाउनुपर्नेमा जोड दिनुभयो।

## अध्यादेशमार्फत कानुन निर्माणप्रति कांग्रेसको ध्यानाकर्षण

काठमाडौँ, १६ वैशाख (रासस)।

नेपाली कांग्रेसले सरकारले संसद् स्थगित गरी अध्यादेशमार्फत कानुन निर्माण गर्ने कदमप्रति ध्यानाकर्षण भएको जनाएको छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले मंगलबार विज्ञप्ति जारी गरी संसद् स्थगित गरेर अध्यादेशमार्फत कानुन निर्माण गर्ने अभ्यास लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाको दृष्टिले सही नहुने बताउनुभयो।

सरकारको उक्त निर्णय प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायी अधिकारमाथि कार्यपालिकाको स्पष्ट उलङ्घन भएको कांग्रेसले बताएको छ। प्रवक्ता चालिसेले यस्ता खाले प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको र सरकारको संसद्‌प्रतिको अविश्वासलाई उजागर गरेको बताउनुभयो।

सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक सङ्केत भएको कांग्रेसले जनाएको छ। "यसले निर्णय प्रक्रियालाई सीमित व्यक्तिहरूमा केन्द्रित गरी प्रणालीलाई कमजोर बनाउने, विपक्षी सहभागिता बिना एकतर्फी नियुक्तिको सम्भावना बढाउने तथा संवैधानिक निकायको स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयतामाथि प्रतिकूल प्रभाव पार्ने देखिन्छ," कांग्रेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

कांग्रेसले सरकारलाई लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाप्रति पूर्ण प्रतिबद्ध रहन, संसद्‌को भूमिका र गरिमाको सम्मान गर्न तथा यस्ता कदमहरू तत्काल पुनःविचार गर्न आग्रह गरेको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सञ्चार मन्त्रालयद्वारा कार्यप्रगति सार्वजनिक : प्रशासनिक तथा प्रविधिमैत्री सेवा प्रवाहमा उल्लेख्य सुधार

काठमाडौँ, १६ वैशाख (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पछिल्लो एक महिनामा भए/गरेका कामको प्रगति सार्वजनिक गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्रीका रूपमा डा विक्रम तिमिल्सिनाले जिम्मेवारी सम्हाल्नु भएयताका कामको प्रगति सार्वजनिक गर्दै मन्त्रालयले प्रशासनिक तथा प्रविधिमैत्री सेवा प्रवाहमा उल्लेख्य सुधार भएको जनाएको छ।

मन्त्रालयले सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीलाई उच्च प्राथमिकतामा राख्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने खालका सेवा सुधारलाई तीव्रता दिएको जनाएको छ। जसअनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) छपाइ, सरकारी कुरियर सेवा, दूरसञ्चार सेवा सुधार, डिजिटल सेवा विस्तार, साइबर सुरक्षा तथा प्रशासनिक सुधारका क्षेत्रमा पछिल्लो एक महिनामा गरिएका काम मन्त्रालयले सार्वजनिक गरेको हो।

मन्त्रालयका अनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइमा देखिएको लामो समयदेखिको ढिलाइ अन्त्य गर्न विशेष पहल गरिएको छ। अब नयाँ निवेदनका हकमा यातायात व्यवस्था विभागबाट तथ्याङ्क प्राप्त भएको २४ घण्टाभित्र सुरक्षण मुद्रण केन्द्रमार्फत लाइसेन्स छपाइ गरी विभागलाई हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ। सम्झौताअनुसार १२ लाख थान सवारी चालक अनुमतिपत्र छपाइ सम्पन्न भइसकेको मन्त्रालयले जनाएको छ। थप १७ लाख थान पुराना लाइसेन्स असार मसान्तभित्र छाप्ने गरी विभाग र केन्द्रबीच नयाँ सम्झौता भएको छ। यसैगरी ३० लाख थान हुलाक टिकट छपाइ गरी हुलाक सेवा विभागलाई हस्तान्तरण गरिएको छ।

हुलाक सेवालाई आधुनिक बनाउने लक्ष्यसहित मन्त्रालयले 'सरकारी कुरियर सेवा'को अवधारणा अघि बढाएको छ। यसअन्तर्गत राहदानी अब नागरिकको घरमै पुर्‍याउने सेवा सुरु गरिएको छ। प्रारम्भिक चरणमा कालिकोट, सिन्धुपाल्चोक, बाँके, कास्की, सुनसरी, मकवानपुर, म्याग्दी, सिरहा, डडेल्धुरा र गुल्मी जिल्लामा सेवा उपलब्ध गराइएको छ। गोरखा, सङ्खुवासभा, सिन्धुली र सप्तरीमा समेत सेवा विस्तारको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ। नागरिकलाई स्थानीय तहसम्म नजिकबाट सेवा दिन हालको पाँच अङ्कको पोस्टल कोडलाई सङ्घीय संरचनाअनुसार सात अङ्कको प्रणालीमा स्तरोन्नति गरिएको छ।

दूरसञ्चार सेवामा उपभोक्तामैत्री सुधार गरिएको पनि मन्त्रालयले दाबी गरेको छ। जसअनुसार प्रिपेड मोबाइल सेवाका सबै प्याकेजको अवधि २८ दिनबाट बढाएर ३० दिन पुर्‍याइएको छ। नेपाल टेलिकमका ग्राहकहरूको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने 'पे-एज यु-गो' प्रणालीलाई परिमार्जन गरी ग्राहकले आफैँ त्यो सुविधा जारी राख्ने वा बन्द गर्न सक्ने सुविधा थपिएको छ। ९० प्रतिशत डाटा खपत भएपछि अनिवार्य पूर्वसूचना दिने व्यवस्था पनि मिलाइएको छ।

मन्त्रालयले फोरजी सेवाको गुणस्तर सुधार गर्न ८०० मेगाहर्ज ब्यान्डमा थप फ्रिक्वेन्सी उपलब्ध गराउने निर्णय भएको जनाएको छ। साथै मोबाइल सेवाका लागि ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुला गरी फाइभजी विस्तारको मार्गप्रशस्त गरिएको छ। सबै सेवाहरूलाई अनलाइन बनाउने तथा 'वान टाइम केवाइसी' लागू गर्ने प्रक्रिया पनि अघि बढाइएको छ। नेपाल टेलिकमका कार्यालयहरूमा ग्राहक सेवा डेस्क स्थापना गरी सेवा प्रवाह प्रभावकारी बनाउने काम सुरु गरिएको छ।

मन्त्रालयका अनुसार डिजिटल नेपाल अभियानअन्तर्गत नागरिक एप मा नयाँ सेवा थपिएका छन्। नागरिक एपमा प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र तथा लोकसेवा आयोगको प्रवेशपत्र डाउनलोड गर्ने सुविधा उपलब्ध भएको छ। एपमा रहेको राष्ट्रिय परिचयपत्रको डेमोग्राफिक डाटा व्यक्तिको सहमतिमा क्युआर कोड स्क्यान गरी 'अटोफिल' हुने प्रणाली राहदानी विभाग र यातायात व्यवस्था विभागको सूचना प्रणालीसँग जोड्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

त्यस्तै, सरकारी कार्यालय व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको छ। सरकारको एकीकृत वेबसाइटलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार पहुँचयोग्य बनाउने काम पनि सुरु भएको छ।

साइबर सुरक्षामा पनि मन्त्रालयले आक्रामक कदम चालेको जनाएको छ। नेपाल दूरसञ्चार प्राधिकरणमार्फत यो अवधिमा ११ हजारभन्दा बढी सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको छ।

शासकीय सुधारतर्फ मन्त्रालय र मातहतका निकायमा 'शून्य बाँकी फाइल सप्ताह' सञ्चालन गरी प्रशासनिक ढिलासुस्ती अन्त्य गर्ने अभियान सुरु गरिएको छ भने कर्मचारी आचारसंहिता लागू गरिएको छ। मन्त्रालयले सात दिनभित्र प्रमुख १० कार्य, समयसीमा, जिम्मेवार अधिकारी तथा कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लगेको जनाएको छ। सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउन कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली सुरु गरिएको पनि मन्त्रालयको कार्यप्रगतिमा उल्लेख छ। त्यस्तै, गैरकर राजस्व वृद्धि गर्ने सुझावसहित प्रारम्भिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाइएको छ।

कानुनी सुधारअन्तर्गत मन्त्रालयले तयार पारेको सूचना प्रविधि विधेयक र साइबर सुरक्षा विधेयक मस्यौदामा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको छ। यसले आगामी दिनमा डिजिटल शासन र साइबर अपराध नियन्त्रणका लागि नयाँ कानुनी आधार तयार हुने अपेक्षा गरिएको छ।

रेडियो नेपालमार्फत लोपोन्मुख आठपहरिया राई तथा मुडियारी भाषामा नयाँ कार्यक्रम प्रसारण सुरु गरिएको छ भने नेपाल टेलिभिजनको स्टुडियोदेखि नयाँ संसद् भवनसम्म उच्च गुणस्तरको प्रत्यक्ष प्रसारणका लागि अप्टिकल फाइबर जडान गरिएको छ। सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभागबीच समन्वय गरी नियमन प्रक्रिया सुरु गरिएको छ।

मन्त्रालयले एक महिनाको अवधिमा नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्नेगरी कामको थालनी भएको दाबी गर्दै आगामी दिनमा यी कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरेको छ।

# 'एमआरपी' कार्यान्वयन गर्न खोज्दा वीरगञ्ज भन्सारको जाँचपास रोकियो

पर्सा, १६ वैशाख (रासस)।

वीरगञ्ज भन्सार कार्यालयमा भन्सारजाँच पास रोकिएको छ। भन्सार बिन्दुमा आउने सामान तथा स्वदेशमा उत्पादन हुने सामानमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा मंगलबारदेखि आयातकर्ता तथा स्वदेशी उत्पादनकर्ताले जाँचपास रोकेका हुन्।

सङ्घीय सरकारले २०८२ चैत २६ गते सूचना प्रकाशन गरेर भन्सार बिन्दुमा आउने सामान तथा स्वदेशी उत्पादनमा हुने सामानमा अनिवार्य रूपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले व्यापारी तथा व्यवसायीले सरकारले तोकेअनुसार एमआरपी नल्याएपछि मंगलबार भन्सार जाँचपासको काम आंशिक रूपमा अवरुद्ध भएको जानकारी दिनुभयो।

"सरकारको नीतिअनुसार भन्सार बिन्दुमा आउने समान तथा स्वदेशी उत्पादन हुने सामानमा अनिवार्य एमआरपी कार्यान्वयन गर्न खाजेका थियौँ, तर मंगलबार व्यापारी तथा व्यवसायीले एमआरपी नतोकेर नै वस्तु तथा सामान ल्याउन खोजेकाले आंशिक रूपमा भन्सार जाँचपासको काम रोकिएको छ", उहाँले भन्नुभयो, "औद्योगिक कच्चापदार्थ, फलफूल तथा तरकारीको जाँचपासको प्रक्रिया भए पनि अन्यको हकमा भने भएको छैन।"

वीरगञ्ज भन्सारमा औसतमा दैनिक ५० देखि ६० करोड राजस्व सङ्कलन हुने गर्छ। सूचना अधिकारी विष्टले सरकारको अनिवार्य रूपमा एमआरपी लागू गर्ने नीतिलाई सहयोग गर्न व्यापारी तथा व्यवसायीलाई अनुरोध गर्नुभएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले एकाएक एमआरपी लागू गर्न सम्भव नभएको र यसले आयात तथा आन्तरिक बजारमा नकारात्मक प्रभाव पार्ने बताउनुभयो। "वीरगञ्जलगायत मुलुकका अधिकांश भन्सार कार्यालयबाट आयातित सामानको भन्सार जाँचपास भएको छैन", उहाँले भन्नुभयो, "यसले मुलुकको आपूर्ति शृङ्खलामा नकारात्मक असर पर्ने, राजस्व उठ्न समस्या हुने भएकाले तत्काल समस्याको समाधान गरिनुपर्छ।"

सङ्घले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (ञ) मा व्यवस्था भएको भनी सरोकार भएकाहरूसँग व्यापक छलफल नै नगरी निर्णय गरेकाले समस्या भएको बताउनुभयो। अध्यक्ष गौतमले भन्नुभयो, "सरकारले निश्चित केही सामानमा मात्रै लगाएर सुरुआत गर्नुपर्नेमा एक्कासि सबै सामानमा एमआरपी कार्यान्वयन गर्दा ठूलो जटिलता र झन्झट बेहोर्नुपर्ने देखिन्छ।"

६ सय १६ विपद्‌का ....

जनाको मृत्यु भएको छ भने ठूलो धनमालको क्षति भएको छ। आगलागीबाट मात्रै झण्डै रु नौ करोड ७५ लाख बराबरको क्षति भएको छ। त्यस्तै, चट्याङका ७४ घटनामा नौ जनाको ज्यान गएको छ भने ४९ जना घाइते भएका छन्। हुरीका ४४ घटनाले ३१९ परिवार प्रभावित भएका छन् भने करिब रु ८३ लाख क्षति पुगेको प्राधिकरणले जनाएको छ।

अन्य घटनामा सर्पदंश, जनावरको आक्रमण, जङ्गल डढेलो, पहिरो, भारी वर्षा तथा बाढीसमेत रहेका छन्। जङ्गल डढेलोका १२८ घटनामा मानवीय क्षति न्यून भए पनि भौतिक क्षति उल्लेखनीय भएको छ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार पछिल्लो समय सुक्खा मौसम, तापक्रम वृद्धि तथा मानवीय लापरवाहीका कारण आगलागी र जङ्गल डढेलोका घटना बढिरहेका छन्। विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना र प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उहाँको भनाइ छ।

# उच्च क्षमताका प्रसारण लाइन निर्माणमा सरकारको उच्च प्राथमिकतामा

**रमेश लम्साल**

काठमाडौँ, १६ वैशाख (रासस)।

सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरहरुसम्म पुऱ्याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरणका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ।

प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समय अगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो। प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समाााधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ। रणनीतिअनुसार, हेटौडा- ढल्केबर इनरुवा प्रसारण लाइनको हेटौडा ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ। सो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर-इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ।

सो आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ। रुख कटान, वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायतका समस्याका कारण सो आयोजना लामो समयदेखि समस्यामा परेको थियो। पछिल्ला दिनमा सो समस्या समाधान भएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ।

यसैगरी नयाँ खिम्ती बाह्रबिसे काठमाडौँ प्रसारण लाइनको काम आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। उक्त प्रसारण लाइनको क्षमता चार सय केभीको हो। सो प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ।

हेटौँडा-रातमाटे लप्सीफेदी न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन आव २०८६/८७ सम्म निर्माण सम्पन्न हुनेछ। सो प्रसारण लाइन चार सय केभी क्षमताको हो। यसैगरी नयाँ बुटवल-लमही प्रसारण लाइन आव २०७८/८८ सम्म निर्माण सम्पन्न हुनेछ।

यस्तै, लहमी-छिन्चु दोदोधारा प्रसारण लाइन आव २०८९/९० सम्म निर्माण सम्पन्न हुनेछ। किमाथांका- हाइटार सितलपाटी प्रसारण लाइन आव २०८९/९० सम्म सम्पन्न हुनेछ।

अरुण हब इनरुवा प्रसारण लाइन, इनरुवा-अनारमणी प्रसारण लाइन, फुकोट बेतन दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी-ढल्केबर प्रसारण लाइन आव २०९०/९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ।

भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आव २०९०/९१ मा सम्पन्न हुनेछ। दोदोधारा-अत्तरिया लम्की प्रसारण लाइन भने आव २०९१/९२ सम्म सम्पन्न हुनेछ। ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ।

उत्पादित बिजुलीलाई सहज रुपमा प्रसारण गराएर लाड सेन्टरहरुमा पुऱ्याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ। आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ। यस्तै, अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्वका साथ रणनीतिले समेटेको छ। अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्वपूर्ण पक्ष छ।

ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन आव २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा नेपालगञ्ज, इनरुवा पूर्णिया, लम्की बेरली, लमही लखनउ, निजगण मोतिहारी, चमेलिया जौलजिवी, ढल्केबर मुजफ्फरपुर र चिलिमे हब केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ।

आन्तरिक रुपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरण गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रुपमा सूचीकृत गरेको छ। त्यस्तै, स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रुपमा अगाडि बढाइनेछ। सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पुऱ्याइनेछ। सो कार्य आव २०९२/९३ सम्म सम्पन्न हुनेछ।

कृषि क्षेत्रको आधसनिकीकरण र किसानको खेतसम्म नै फिडर पुऱ्याउने लक्ष्यलाई पनि उत्तिकै महत्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ। आव २०९२/९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ। देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख शहरहरुमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ।

हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ। राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ। सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरुप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ।

नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ। हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बंगलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ।

# आगामी बजेट निजी क्षेत्रमैत्री र उत्पादनमुखी बनाउन आग्रह

काठमाडौँ, १६ वैशाख (रासस)।

नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका सन्दर्भमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेसमक्ष सुझाव पेस गरेको छ। चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको टोलीले मन्त्रालयमा पुगेर समग्र अर्थतन्त्रलाई गतिशील बनाउने खालका नीतिगत सुझाव प्रस्तुत गरेको हो।

चेम्बरले बजेट निजी क्षेत्रमैत्री, उत्पादनमुखी र लगानी प्रोत्साहन गर्ने खालको हुनुपर्ने धारणा राख्दै आर्थिक स्थायित्व, सुशासन र व्यवसायमैत्री वातावरण निर्माणमा प्राथमिकता दिन आग्रह गरेको छ। चेम्बरले कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि, ऊर्जा, वैदेशिक लगानी, निर्यात प्रवर्द्धन तथा कर प्रणाली सुधारलगायत सबै क्षेत्र समेटेर आफ्नो धारणा प्रस्तुत गरेको हो।

कृषि क्षेत्रमा आधुनिकीकरण, सहुलियत कर्जा र बजार पहुँच विस्तार, पर्यटन क्षेत्रमा पूर्वाधार विकास र अन्तरराष्ट्रिय प्रवर्द्धन, उद्योग क्षेत्रमा उत्पादन लागत घटाउने र प्रक्रियागत सहजता, सूचना प्रविधिमा कर छुट तथा 'डिजिटल' पूर्वाधार विस्तार, ऊर्जा क्षेत्रमा निजी लगानी प्रवर्द्धन तथा जलविद्युत् विकासलाई तीव्रता दिनुपर्ने सुझाव चेम्बरले दिएको छ।

त्यस्तै, कर प्रणाली सरल बनाउँदै एकद्वार प्रणाली लागू गर्न, निर्यातलाई प्रोत्साहन गर्न र 'मेड इन नेपाल' उत्पादनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ। आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यान्त्रिकीरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिई कृषि उत्पादन गर्नेलाई 'लिज'को व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरको सुझाव छ।

अर्थ मन्त्रालयलाई चेम्बरले दिएको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा अनुदान दिने नीति अपनाइनुपर्ने र निर्यात अनुदानलाई एकद्वार प्रणालीअन्तर्गत निकासीकर्ताहरूलाई सरल र सहज ढङ्गले प्रदान गरिनुपर्ने उल्लेख छ।

यस्तै, वैदेशिक रोजगारीबाट फर्किनेहरूको सीप दक्षता उपयोगका लागि स्वदेशी लगानी प्रोत्साहित गर्ने भनिएको छ। यसका लागि वैदेशिक रोजगारीबाट फर्किनेहरूको सीप र दक्षता सहितको सम्पूर्ण विवरण अध्यागमन विभागमा अभिलेखीकरणको व्यवस्था गरिनुपर्ने जनाइएको छ।

'रेमिट्यान्स' बापत नेपालमा भित्रिने रकमको अधिकांश हिस्सा उपभोगमा मात्र खर्च भइरहेको परिस्थितिमा नेपालमा भित्रिने रेमिट्यान्सलाई ऊर्जालगायत अन्य पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति ल्याइनुपर्ने चेम्बरको सुझाव छ।

यस्तै, घरेलु, साना तथा मझौला उद्योगहरूलाई स्थायित्व स्थायी ब्याजदरमा ऋण उपलब्ध हुने नीतिगत व्यवस्था हुनुपर्ने पनि चेम्बरको सुझावमा उल्लेख छ। सबै प्रकारको करमा तीन तहको सरकारबीच एकद्वार प्रणाली लागू गरिनुपर्ने भन्दै चेम्बरले दोहोरो करको मापदण्ड अन्त्य गरिनुपर्ने उल्लेख गरेको छ। विश्व व्यापार सङ्गठनबाट निर्धारित मूल्याङ्कनमा 'अनलाइन डाटाबेस' प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने चेम्बरले जनाएको छ।

देशमा अधिकांश उपभोग्य सामानका लागि आयातमा नै निर्भर हुनु परेकाले एमआरपी लेबलको व्यवस्था आयातित वस्तुहरूको हकमा लागू गर्न निकै कठिन रहेको उल्लेख गर्दै सरोकारवाला निकायसँग सर्वपक्षीय छलफल र सहमतिका आधारमा मात्रै एमआरपीलाई कार्यान्वयनमा लैजानुपर्ने चेम्बरले जनाएको छ।

यस्तै, आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यन्त्रिकीकरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिई कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरले सुझाव पेस गरेको छ।

सो अवसरमा अर्थमन्त्री वाग्लेले सरकारले आर्थिक सुधारका विभिन्न कदम अघि बढाइसकेको उल्लेख गर्नुभयो। उहाँले राजस्व अनुसन्धान विभाग खारेज गरिसकिएको, करका दर घटाउने योजना रहेको भन्दै अब राजस्व बढ्न, रोजगारी सिर्जना हुन र अर्थतन्त्रको आकार विस्तार हुन आवश्यक रहेको बताउनुभयो।

मन्त्री डा वाग्लेले सरकारले उदार नीति अवलम्बन गर्दै सबैलाई काम गर्न सक्ने वातावरण तयार गर्ने दिशामा अघि बढिरहेको प्रसङ्ग उल्लेख गर्दै आगामी बजेट व्यवसायी तथा आम नागरिकलाई हौसला मिल्ने खालको हुने उल्लेख गर्नुभयो। साथै, निजी क्षेत्रबाट आएका रचनात्मक सुझावहरूलाई बजेट निर्माणमा समेटिने पनि उहाँले प्रतिबद्धता जनाउनुभयो।

### *प्रतिनिधीसभा सदस्य ....*

भन्दै उनले विद्यार्थीको शैक्षिकगुणस्तर बृद्धिका लागी विद्यार्थी संगै शिक्षक, अभिभावक र जनप्रतिनीधीको पनि गहन जिम्मेवारी हुने बताए।

शिक्षा नै सर्वाङ्गिण विकासको मुल आधार भएको बताएका उनले शिक्षाको विकास विना अन्य कुनै पनि क्षेत्रको विकास सम्भव नहुने जिकिर गरे।

उनले शिक्षकहरुको जिल्लान्तर सरुवा विना शैक्षिकगुणस्तरमा बृद्धि सम्भव नहुने विगतमा भनेको कुरा दोहोऱ्याउदै यसका लागी स्पस्ट खाका तयार गरी सदनमा प्रस्तुत गरिने तयारी भइरहेको जानकारी गराए।

## विश्व समाचार

# इरान प्रस्तावमा आशङ्का, युद्ध अन्त्य अनिश्चित

वासिङ्टन, १६ वैशाख (रासस/एएफपी)।

मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबीचको तनावपूर्ण द्वन्द्व अन्त्य गर्ने प्रयासहरू नयाँ मोडमा पुगेका बेला वासिङ्टनभित्रै अनिश्चितता गहिरिँदै गएको छ। इरानले अघि सारेको पछिल्लो प्रस्तावप्रति अमेरिकी नेतृत्व सशङ्कित देखिएको छ भने यही सन्दर्भमा पेन्टागन प्रमुख पीट हेग्सेथले बुधबार पहिलो पटक कांग्रेससमक्ष गवाही दिने तयारी गर्नुभएको छ।

दुई महिनादेखि जारी युद्धका कारण इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण जलमार्ग अवरुद्ध गरेको छ, जसले विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा गम्भीर असर पार्दै अन्तर्राष्ट्रिय अर्थतन्त्रमा तरङ्ग पैदा गरेको छ। यस्तो अवस्थामा युद्धविरामतर्फको कुनै पनि पहल निर्णायक बन्न सक्ने भए पनि वासिङ्टनले तेहरानको प्रस्तावलाई सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन।

अमेरिकी अधिकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प इरानी प्रस्तावप्रति सन्तुष्ट नरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका विवरणहरूलाई अस्वीकार गरेका छैनन्। यसैबीच, ह्वाइट हाउसमा आयोजित राजकीय भोजका क्रममा ट्रम्पले इरानलाई 'सैन्य रूपमा पराजित' भइसकेको दाबी गर्दै आफ्नो कडा धारणा सार्वजनिक गर्नुभयो। उहाँले इरानलाई कहिल्यै आणविक हतियार प्राप्त गर्न नदिने अडान दोहोऱ्याउँदै बेलायतका राजा चार्ल्स तृतीयसमेत यसमा सहमत रहेको दाबी गर्नुभयो।

तर तेहरानको प्रतिक्रिया त्यसको ठीक विपरीत देखिएको छ। इरानी सेनाका प्रवक्ताले राज्य टेलिभिजनमार्फत अमेरिकाप्रति कुनै विश्वास नरहेको स्पष्ट पार्दै युद्ध समाप्त भएको नठानिएको बताए। उहाँले आवश्यक परेमा नयाँ रणनीति र प्रविधिको प्रयोग गरी अझ कडा जवाफ दिन सक्ने चेतावनी दिए।

पछिल्ला दिनहरूमा वार्ताको प्रयासहरू प्रभावकारी हुन नसकेको देखिएको छ। उपराष्ट्रपति जेडी भान्स प्रस्तावित वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहनुभए पनि अन्तिम समयमा कार्यक्रम स्थगित भएको थियो। इरानको फार्स समाचार एजेन्सीका अनुसार पाकिस्तानमार्फत आएको नयाँ प्रस्तावमा होर्मुज जलघाँटी लगायतका संवेदनशील विषयलाई 'रेड लाइन' का रूपमा प्रस्तुत गरिएको छ।

उक्त प्रस्तावअनुसार इरानले जलमार्गमा आफ्नो नियन्त्रण केही खुकुलो बनाउने र त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सम्भावना उल्लेख गरिएको छ। यद्यपि, इरानको आणविक कार्यक्रमजस्तो जटिल विषयमा भने विस्तृत वार्ता जारी राख्ने प्रस्ताव गरिएको छ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले प्रस्ताव अपेक्षाभन्दा 'राम्रो' भए पनि त्यसको विश्वसनीयतामाथि प्रश्न उठाउनुभयो। विशेषगरी इजरायलले इरानी वरिष्ठ अधिकारीहरूको हत्या गरेपछि प्रस्ताव राख्ने पक्षसँग पर्याप्त अधिकार छ कि छैन भन्ने विषयमा उहाँले आशङ्का व्यक्त गर्नुभयो। उहाँले अन्तिम सहमति भएमा त्यसले इरानलाई आणविक हतियार विकासतर्फ अघि बढ्न रोक्नुपर्ने स्पष्ट पार्नुभयो।

यता इरानी रक्षा मन्त्रालयका प्रवक्ताले भने अमेरिकाले आफ्ना 'अवैध र अव्यावहारिक मागहरू' त्याग्नुपर्ने बताएका छन्। उनले अन्तर्राष्ट्रिय राजनीति परिवर्तन भइसकेको भन्दै अमेरिकाले एकल रूपमा अन्य राष्ट्रहरूलाई निर्देशन दिने अवस्था समाप्त भएको दाबी गरे।

मध्यस्थकर्ताको भूमिकामा देखिएको कतारले स्पष्ट समाधान ननिस्किए दीर्घकालीन गतिरोधपूर्ण अवस्था कायम रहन सक्ने चेतावनी दिएको छ। यही अनिश्चितताले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पुनः उकालो लागेको छ। ब्रेन्ट कच्चा तेलको मूल्य युद्धविरामअघि झरेको स्तरभन्दा माथि पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेटले पनि दुई हप्तापछि पुनः १०० डलर नाघेको छ।

युद्ध लम्बिँदै जाँदा अमेरिकाभित्र पनि दबाब बढ्दै गएको छ। आगामी मध्यावधि चुनाव नजिकिँदै गर्दा सर्वसाधारणबीच युद्धप्रति असन्तुष्टि बढ्दो देखिएको छ। यस्तो अवस्थामा ट्रम्पमाथि द्वन्द्वबाट बाहिरिने स्पष्ट मार्ग खोज्न दबाब परेको छ।

अन्तर्राष्ट्रिय रूपमा समेत आलोचना बढ्दै गएको छ। जर्मन चान्सलर फ्रेडरिक मर्जले अमेरिकासँग स्पष्ट रणनीति नभएको टिप्पणी गर्नुभएको थियो, जसको ट्रम्पले सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया दिनुभयो।

यसैबीच, लेबनान क्षेत्रमा पनि तनाव कायम छ। इरान समर्थित हिजबुल्लाह र इजरायलबीच युद्धविराम विस्तार भए पनि छिटपुट हिंसा जारी छ। लेबनानी सेनाले इजरायली आक्रमणमा आफ्ना दुई सैनिक घाइते भएको जनाएको छ। इजरायलले भने हिजबुल्लाहको गतिविधिलाई युद्धविराम उल्लङ्घन भन्दै विभिन्न क्षेत्र खाली गर्न चेतावनी दिएको छ र ठूलो सुरुङ सञ्जाल ध्वस्त पारिएको दाबी गरेको छ।

इजरायली विदेशमन्त्री गिदोन सारले आफ्नो देशको लेबनानमा कुनै क्षेत्रीय महत्त्वाकांक्षा नभएको दोहोऱ्याउँदै सशस्त्र समूह निष्क्रिय भएपछि त्यहाँ उपस्थितिको आवश्यकता नपर्ने बताउनुभयो। तर हिजबुल्लाहका नेता नईम कासिमले भने आफ्नो समूह पछि नहट्ने स्पष्ट सङ्केत दिनुभएको छ।

# ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ सफल बनाउन स्वास्थ्यमन्त्री मेहताको अपिल

काठमाडौं, १६ वैशाख (रासस) । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ सफल बनाउन सबै स्वास्थ्यकर्मीलाई अपिल गर्नुभएको छ ।

मंगलबारदेखि सुरु भएको राष्ट्रिय पोषण लेखाजोखा अभियानलाई सफल बनाउन उहाँले सबै स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विकास साझेदार, स्थानीय तहका जनप्रतिनिधिलाई एकजुट भई सक्रिय सहभागिता जनाउन अपिल गर्नुभएको हो ।

मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीका अनुसार ‘समयमै पहिचान, सही उपचार-कुपोषण मुक्त पुस्ताको आधार’ मूल नाराका साथ यही वैशाख ३० गतेसम्म सञ्चालन हुने राष्ट्रिय पोषण लेखाजोखा अभियानका अवसरमा मन्त्री मेहताले सहयोगका लागि सबैलाई अपिल गर्नुभएको हो । अभियानमा छदेखि ५९ महिनासम्मका बालबालिकामा पोषण अवस्था लेखाजोखा गरी शीघ्र कुपोषणको समयमै पहिचान र आवश्यक उपचार तथा सेवा सुनिश्चित गरिने उहाँले बताउनुभयो ।

स्थानीय तह, जिल्ला तथा प्रदेश स्तरमा कुपोषणको वास्तविक अवस्था पहिचान गर्दै उच्च, मध्यम तथा न्यून जोखिम भएका क्षेत्रहरूको वर्गीकरण गरी लक्षित पोषण कार्यक्रम तर्जुमा गर्न आवश्यक आधारसमेत तयार गरिने सूचना अधिकारी डा केसीले बताउनुभयो ।

अभियान देशभरका सबै ७५३ स्थानीय तहमा सञ्चालन गरिनेछ । बालबालिकाको पोषणको लेखाजोखा स्वास्थ्य संस्था तथा खोप केन्द्रहरू, सामुदायिक क्लिनिक, वडा कार्यालय, सामुदायिक भवनहरू तथा प्रारम्भिक बाल विकास केन्द्रहरूमा सञ्चालन गरिनेछ ।

कार्यक्रम सञ्चालनका क्रममा प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रभित्र रहेका लक्षित बालबालिकाको सङ्ख्या, आवश्यक स्वास्थ्यकर्मी टोली तथा सामग्रीको व्यवस्थापनसहित सूक्ष्म योजना तयार गर्नेछन् ।

डिजिटल तौल मेसिन, उचाइ र लम्बाइ मापन बोर्ड तथा पाखुराको घेराइ नापेर बालबालिकको कुपोषणको अवस्था पहिचान गर्ने जनाइएको छ । अभियानबाट प्राप्त हुने तथ्याङ्कले उच्च जोखिमयुक्त क्षेत्रको पहिचान गर्न सहयोग पुऱ्याउने र लक्षित पोषण कार्यक्रम सञ्चालन सहयोग मिल्ने सूचना अधिकारी डा केसीले बताउनुभयो ।

# जिफन्टद्वारा नौबुँदे घोषणापत्र सार्वजनिक

काठमाडौं, १६ वैशाख (रासस) । अन्तरराष्ट्रिय श्रमिक दिवसका सन्दर्भमा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)ले नौबुँदे घोषणापत्र सार्वजनिक गरेको छ ।

मंगलबार पत्रकार सम्मेलन गर्दै श्रमिकको हकहितका पक्षमा विभिन्न शीर्षकमा घोषणापत्र सार्वजनिक गरेको हो । जसअन्तर्गत सम्मानजनक पारिश्रमिक, सर्वकालीन सामाजिक सुरक्षा, पारिश्रमिकसहित इन्टर्नसिप र तालिम, सीप क्रान्ति, श्रमिक उद्योग सहकार्य, महिला श्रमिक सशक्तिकरण, आप्रवासी श्रमिक संरक्षणलगायत पक्षमा श्रमिकको अधिकार सुनिश्चित गर्ने कार्ययोजना जिफन्टले घोषणापत्रमा उल्लेख गरेको छ ।

ट्रेड युनियन आन्दोलनलाई गति दिन जिफन्टले उत्पादक, शक्तिको विकास, प्रविधिमैत्री श्रमिक आन्दोलन, राष्ट्रिय समृद्धि र श्रमिक हित सहितको एकतालाई वैचारिक आधारका रूपमा लिएको जनाएको छ ।

त्यस्तै, जिफन्टले नेपाल ट्रेड युनियन आन्दोलनले वर्तमान अवस्थामा सामना गर्नुपर्ने चुनौतीमध्ये, स्वचालन र कृत्रिम बुद्धिमत्ता (एआई), बसाइँसराइ, बढ्दो महँगी र ज्याला स्थिरता, ट्रेड युनियन सान्दर्भिकताको अध्ययन र विश्लेषण गर्नुपर्ने बताएको छ । पत्रकार सम्मेनलमा जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले मे दिवसका सन्दर्भमा नयाँ आयामका साथ श्रमिकको पक्षमा अभियान सुरु गरिने जानकारी दिनुभयो ।

उहाँका अनुसार श्रमिकको हकअधिकारका बारे सुचना लेखिएको करिब १५ लाख पर्चा घरदैलोमा पुऱ्याउनाका साथै मे दिवसको दिन मे १ तारिखमा काठमाडौँमा बृहत् र्‍याली गरिने समेत बताउनुभयो । “श्रमिकको पारिश्रमिकसँगै उहाँहरूको अधिकारको कार्यान्वयन पक्ष के कति छ भनेर बहस गर्ने बेला आएको छ,” उहाँले भन्नुभयो, “हामीले नयाँ शैलीबाट युवा पुस्तालाई समेट्दै श्रमिक आवाज बलियो बनाउने तयारीमा छौं ।”


भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति २०८३/१/१५

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना।

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती न.३४डम्बर लाल भगत कलवारनाममा कायम रहेका साविक प्रगन्ना जगदरमौजे भटनिया गा.कि.नं. १९३को ज.वि. ०-८-५ सा.कि.नं. १९८को ज.वि. ३-१-११ समेत र.न.१७२९ मिति २०२२/७/२९ मा जगदम्बा देवी कलवारनीले खरिद गरी लिएको जग्गा सर्वे नापी हुदा नदीमा पर्न गएको जिल्ला सप्तरी गा.वि.स.तेरहौता वडा न.९क कि.न.१४८/२८६ को २-९-१६ औ हाल नदी उकास भएको से जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाऊँ भनी जिल्ला सप्तरी गा.वि.स. दिपवासाई नं४ हाल राजविराज न.पा. वडा नं. १० बस्ने भिखुन पंसाद भगत को नाति सर्युग प्रसाद भगत निवेदिका जगदम्बा देवीको छोरागजेन्द्र प्रसाद भगत कलवार र रवेन्द्र कुमार भगत को यस कार्यालयमा द.नं. १५८०६ मिति २०८२/८/१० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८३/१/७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार/सार्वजनिक सामुदायिक डगर बाटो ऐलानी प्रति गौचर समसानघाट पैनी पोखरी पार्क हाटमेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सबूद प्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही गै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | सविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डम्बर लाल भगत कलवार | तेरहौता | ९क | १४८/२८६ | २-९-१६ | गजेन्द्र प्रसाद भगत कलवार समेत | यो जग्गा फिल्ड बुक खाली |


# लागुऔषधसहित पक्राउ परेका ठाकुर औषधी व्यवस्थापन विभाग चलान



**दैनिक समाचारदाता**
**राजविराज, १६ बैशाख ।**

सप्तरीको बलानविहुल गाउँपालिकाबाट प्रतिबन्धित लागुऔषधसहित पक्राउ परेका रोशन कुमार ठाकुरलाई बुधवार कारवाहीका लागी विराटनगर चलान गरिएको छ । सोही पालिकाको वडा नं.४ निवासी २४ वर्षिय ठाकुरलाई मंगलवार प्रहरीले चेकजाँचका क्रममा बेल्ही सडकखण्डबाट लागु औषध सहित पक्राउ गरेको थियो ।

भारतबाट नेपाल तर्फ आउदै गरेका ठाकुर चढेको मधेश प्रदेश ०१-००४प ४९३५ नम्बरको मोटरसाईल चेकजाँच गर्ने क्रममा प्रहरीले प्रतिबन्धित लागु औषध फेन्सीडील, विकलोइन, फिमोन्ट, क्लोबेटा तथा सुमो, निरोविनफोर्ट, एरिसोमोक्स, टाईजन लगायतका सिरप र ट्याब्लेटहरु बरामद गरेको थियो ।

बरामद समान तथा उनले प्रयोग गरेको मोटरसाईकलसहित ठाकुरलाई आवश्यक कारवाहीका लागी विराटनगरस्थित औषधी व्यवस्थापन विभाग चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बर बहादुर पुरीले जानकारी दिए ।

भारतीय सिमासंग जोडिएको उक्त पालिकामा लागु औषधको सेवनकर्ता तथा ओसार पसार बढ्दै गएको सुचना आएपछि निगरानी कडा पारिएको प्रहरीले जनाएको छ ।

# सरुवा आएका कर्मचारीलाई हाजिर गराउन सामान्य प्रशासन मन्त्रालयको आग्रह

काठमाडौं, १६ वैशाख (रासस) । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न तहमा खटाइएका कर्मचारीलाई तत्काल हाजिर गराउन सम्बन्धित कार्यालयमा आग्रह गरेको छ ।

मन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै पठाइएका कर्मचारीलाई तत्काल हाजिर गराइ र सरुवा भएका कर्मचारीलाई रमाना दिई आवश्यक विवरण उपलब्ध गराउन आग्रह गरेको हो ।

मन्त्रालयले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकारका कार्यालय तथा मुड्केचुला गाउँपालिकासँग विवरण मागेको जनाएको छ । मन्त्रालयले कर्मचारीलाई समेत तीन दिनभित्र अनिवार्य रूपमा हाजिर हुन तथा रमाना लिन निर्देशन दिएको छ ।

मन्त्रालयले विभिन्न स्थानमा खटाइएका कर्मचारीहरू हालसम्म कार्यस्थलमा नपुगेको गुनासो आएपछि सूचना निकालेको हो । सूचनामा तोकिएको समयभित्र हाजिर नभए कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाइने भनिएको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*